सिकाई क्षेत्र :
भाषा र संचार

# सूचना, प्रतिक्रिया, सार प्रस्तुति र व्यावहारिक लेखन




## तह २

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

यस सिकाइ सामग्रीमा विभिन्न माध्यमबाट व्यक्त भएका सामग्रीको बोध तथा उपयुक्त ढङ्गले सञ्चार गर्ने विषयवस्तु समावेश गरिएको छ। सिकारुले मौखिक, साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचनामा केन्द्रित भई आफ्ना प्रतिक्रियासहित कार्य गर्न सक्ने गरी यसमा विषयवस्तु तथा अभ्यास सामग्री राखिएको छ । भाषा सिकाइमा हाउभाउ, शब्दरहित इसारा वा ध्वनि शारीरिक अङ्गको चलाइ आदिको सङ्केतमा टिप्पणीसहित प्रतिक्रिया दिने सिपको निकै महव हुन्छ । यस तहका सिकारुले आफ्ना विचार शुद्ध एवम् स्वाभाविक गतिमा शिष्टाचारपूर्वक बताउन सक्नुपर्छ। यसै गरी सरल भाषामा लेखिएका सामग्री शुद्धसँग उपयुक्त गतिमा पढी सार व्यक्त गर्न पनि सक्नुपर्छ। सिकारुले आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न तथा दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन लेख्न र जन्मदर्ता, मृत्यु दर्ताजस्ता आवेदन फाराम भर्न सक्नुपर्छ। यस सिकाइ सामग्रीमा यसै पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएको छ।

## सक्षमता

विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तुको बोध तथा उपयुक्त तवरले सञ्चार

## सिकाइ उपलब्धि

(क) मौखिक, साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचनामा केन्द्रित भई आफ्ना प्रतिक्रियासहित कार्य गर्न

(ख) हाउभाउ, शब्दरहित इसारा वा ध्वनि शारीरिक अङ्गको चलाइ आदिको सङ्केतमा टिप्पणीसहित प्रतिक्रिया दिन

(ग) आफ्ना विचार शुद्ध एवम् स्वाभाविक गतिमा शिष्टाचारपूर्वक बताउन

(घ) सरल भाषामा लेखिएका सामग्री शुद्धसँग उपयुक्त गतिमा पढी सार व्यक्त गर्न

(ङ) आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन, जन्म मृत्यु दर्ता जस्ता आवेदन फाराम भर्न

## पाठहरू


पाठ १ : सूचना र प्रतिक्रिया

पाठ २ : टिप्पणीसहितको प्रतिक्रिया

पाठ ३ : विचार तथा सार प्रस्तुति

पाठ ४ : अनुच्छेद तथा व्यावहारिक लेखन

## पूर्व सिकाई परिक्षण

**तलको चित्र हेरी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**



**प्रश्न**

(क) चित्रमा मानिसहरू कहाँ गएका होलान् ?

(ख) यी मानिसले  पानी लिन जाँदा बाटामा के के देख्छन् ?

(ग) पानी कहाँ कहाँ पाइन्छ ?

**हिजो मात्र मामाघर पुगेकी रमिता सामान किन्न  पसलतिर लागिन् ।  उनले सामान  किन्ने पसल देखेको थिएन । उनले पल्लो घरका काकालाई सोधिन्,“ काका, सामान किन्ने पसल कहाँ छ ?” काकाले भन्नुभयो, “ तिमी यहाँबाट सोझै अगाडि बढ । बाटामा चोक आउँछ । चोकबाट उत्तरतिर लाग । एउटा मस्जिद आउँछ । त्यसबाट दाहिनेतिरको बाटो लाग । अगाडि एउटा रातो घर छ । त्यस घरबाट पूर्वतिर लागेपछि पसल आउँछ ।”**

अब लेख्नुहोस्, रमिता सामान किनेर फर्कंदा कुन कुन बाटो भएर फर्कनुपर्छ ?

.............................................................................................................................................

.............................................................................................................................................

**तपाईँ सहरमा जानुभएको थियो । त्यहाँ एउटा बालक खाजा पसलमा काम गर्दै थियो । उसलाई पसलेले गाली गरिरहेको थियो । यो कुरा तपाईँलाई मन परेन । अबपसलेलाई सम्झाउनुपर्‍यो भने कसरी सम्झाउनुहुन्छ ? पाँच वाक्यमा लेख्नुहोस् :**

( क ) . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

( ख ) . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

( ग ) . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

( घ ) . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

( ङ ) . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

**तलको सामग्री पढ्नुहोस् र यसमा के भन्न खोजिएको हो, परिवारका सदस्यलाई सुनाउनुहोस् :**

खाडलमा मल बनाउँदा चार हात  लम्बाइ, दुई हात चौडाइ र दुई हात गहिराइको खाडल खन्नुपर्छ। त्यस खाडलमा पराल फिँजाएर राख्नुपर्छ। त्यसमा  छ्वाली घाँस पात, गाई वा बाख्राको मल छ  भने त्यो पनि राख्नुपर्छ। गाईवस्तु वा बाख्राको मल नभएमा दश इन्च जति घाँस, पराल, छ्वाली, भान्छाबाट निस्केको कुहिने फोहोर राख्नुपर्छ। अब त्यसलाई पानी र जोरनले छोप्नुपर्छ। जोरन भनेको माटालाई माथिबाट भिजाउनका लागि  हालिने पानी वा गलेको मल हो।  जोरनले मल कुहाउन मद्दत गर्ने  भएकाले जोरनको प्रयोग गर्नपर्छ।

**तपाईँलाई गाउँलेले कृषि समूहको अध्यक्ष बनाइदिए भने आफ्नो गाउँमा कृषिको सुधार गर्न केको गर्नुहुन्छ ? आफ्ना विचार समेटी एक अनुच्छेद लेख्नुहोस् ।**

पाठ
१

# सुचना र प्रतिक्रिया

**प्रमोद प्रधानको कपासको खेती शीर्षकको तलको कविता पढेर परिवारका कसैलाई सुनाउनुहोस् :**

आकाशमा कसले गर्छ
कपासको खेती
जाऔँ हामी सोधी आऔँ
उसैलाई भेटी !

बोट छैन न बिरुवा
फुल्छ ढकमक्क
जलमल चाहिँदैन
पार्छ सधैँ छक्क ।

बतासलाई पछ्याउँछ
बनी केटाकेटी
आकाशमा कसले गर्छ
कपासको खेती !



## सिकाइ क्रियाकलाप

**तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| (क) कपास | खेतबारीमा अन्न उब्जाउने काम |
| (ख) खेती | बिरुवामा हालिने पानी र अन्य तत्व |
| (ग)जलमल | हावा |
| (घ) बतास | धागो कात्न प्रयोग गरिने एक बिरुवा |

**माथिको कविताबाट तलका वर्णबाट सुरु हुने एक एकओटा शब्द टिप्नुहोस् र अरू दुई दुईओटा शब्द आफैँले थप्नुहोस् :**

आ : आकाश

........................... ...........................

क : ...........................

........................... ...........................

ख : ...........................

........................... ...........................

ज : ...........................

........................... ...........................

ढ : ...........................

........................... ...........................

प : ...........................

........................... ...........................

फ : ..........................

.......................... ..........................

ब : ..........................

.......................... ..........................

भ : ..........................

.......................... ..........................

## कविता पढेर उत्तर लेख्नुहोस् :

(क) कपासको खेती कहाँ गरिएको छ ?
(ख) कसलाई सोधेर कपासको खेती बारेमा सोध्ने भनिएको छ ?
(ग) कपासको के छैन ?
(घ) कपासले के के गर्छ ?
(ङ) यो कविता कसले लेखेका हुन् ?

## गोविन्दराज विनोदीको म त कवि बन्छु कविता पहिले पढ्नुहोस् र कोष्ठकमा सङ्केत गरिएअनुसार शब्द परिवर्तन गरेर म त किसान हुन्छु शीर्षकमा अर्को कविता लेख्नुहोस् :

म त पढिराख्छु (पढिराख्छुको सट्टा खटिराख्छु राख्ने)
अघि बढिराख्छु
समय छ शत्रु
म त लडिराख्छु ।

जतिजति पढ्छु (पढ्छुको सट्टा जोत्छु राख्ने)
उतिउति लेख्छु (लेख्छु को सट्टा खन्छु राख्ने)
कलम समात्दा (कलमको सट्टा कोदाली राख्ने)
सबतिर देख्छु ।

झुपुझुपु निद्रा
परपर जा तँ
खुरुखुरु विद्या (विद्याको सट्टा जाँगर राख्ने)
वरवर आ तँ ।

मनभरि हाँस्ने
म त कवि हुन्छु (कविको सट्टा किसान राख्ने)
जग छ अँध्यारो
म त रवि हुन्छु ॥ ( रवि हुन्छुको निशा चिर्छु राख्ने)



## अन्तरक्रियात्मक क्रियाकलाप

**समाजका कोही जान्ने मानिसलाई सोध्नुहोस् र तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) मानिसहरू किन झगडा गर्छन् ?
(ख) तपाईंको गाउँ/बस्तीको विकास कसरी गर्न सकिन्छ ?



## खोज क्रियाकलाप

**तपाईंका साथीसँग छलफल गरेर तलको तालिका भर्नुहोस् :**

| भर्नुपर्ने कुरा | मेरो | साथीको |
|---|---|---|
| टोलको नाम | ........................................ | ........................................ |
| पालिका | ........................................ | ........................................ |
| परिवारका सदस्य | ........................................ | ........................................ |
| मुख्य पेसा | ........................................ | ........................................ |
| परिवारमा बोल्ने भाषा | ........................................ | ........................................ |
| रुचि | ........................................ | ........................................ |
| भविष्यको लक्ष्य | ........................................ | ........................................ |

**परिवारमा सल्लाह गरेर एक एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) तपाईंको गाउँ वा टोल कुन गाउँपालिका वा नगरपालिकामा पर्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(ख) तपाईंको जिल्ला कुन प्रदेशमा रहेको छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(ग) तपाईंका गाउँ वा टोलका मानिसहरू के कस्ता काम गर्छन् ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(घ) तपाईंका गाउँ वा टोलका मानिसहरू कुन कुन चाड मनाउँछन् ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...



## अभ्यास क्रियाकलाप

**तपाईं र तपाईंका साथी वा परिवारका सदस्य मिलेर तलको संवाद अभिनयसहित पढ्नुहोस्**

**ज्येष्ठ नागरिक :** नानी, तिम्रो नाम के हो ?
**नानी :** मेरो नाम (आफ्नै नाम भन्नुहोस् ) हो हजुरबा ।
**ज्येष्ठ नागरिक :** तिमी कुन गाउँकी हौ नानी ?
**नानी :** म (आफ्नै गाउँ भन्नुहोस् ) गाउँकी हुँ ।
**ज्येष्ठ नागरिक :** यो गाउँ कहाँ छ त नानी ?
**नानी :** यो गाउँ ( आफ्नै पालिकाको नाम भन्नुहोस् ) मा पर्छ हजुरबा ।
**ज्येष्ठ नागरिक :** यो पालिका कुन जिल्लामा पर्छ नि नानी ?
**नानी :** हाम्रो पालिका (आफ्नै जिल्लाको नाम भन्नुहोस् ) जिल्लामा पर्छ हजुरबा ।
**ज्येष्ठ नागरिक :** ए, त्यसो भए त तिमी (आफ्नै प्रदेशको नाम भन्नुहोस् ) प्रदेशकी पो रहिछ्यौ त !
**नानी :** हो हजुरबा ।

**उस्तै अर्थ दिने शब्द लेख्नुहोस् :**

नाउँ : ............................

घर : ............................

गाउँ : ...........................

किसान : ...........................

मानिस : ...........................

साथी : ...........................

आकाश : ...........................

धन : ...........................

**तलको चित्र हेरेर एक अनुच्छेदमा त्यसको वर्णन गर्नुहोस् :**




मेरो गाउँ

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**तलको सूचना पढ्नुहोस् र यसै गरी बाढीबाट सचेत हुन लेखिने सूचना तयार पार्नुहोस्**

**सूचना सूचना सूचना**

**गर्मी महिनामा आगलागी र डढेलोको समस्या हुने भएकाले सचेत हुनुहोस् । आगो, सलाई, लाइटर प्रयोग गर्दा होस गर्नुहोस् । यस्ता सामग्री बालबच्चाले प्रयोग गर्न नसक्ने ठाउँमा राख्नुहोस् ।**

**युवा क्लब**



**वाक्यभित्रका पदलाई क्रम मिलाएर लेख्नुहोस् :**

**उदाहरण : रमिता खान्छे भात ।**

**रमिता भात खान्छे ।**

(क) राम जान्छ सिनेमा ।

..............................................

(ख) केटाकेटीको छ आज छुट्टी ।

...........................................

(ग) नाच्न मलाई मन लाग्छ ।

..........................................

(घ) लेख्छु म निवेदन ।

..........................................

(ङ) पुस्तकले दिन्छ ज्ञान ।

...........................................

## ठिक भए (√) बेठिक भए (×) चिह्न लगाउनुहोस् :

(क) पूर्णविरामले वाक्य पूरा गर्दैन । ( )

(ख) अल्पविराम छोटो अडान हो । ( )

(ग) प्रश्न गरिसकेपछि ? चिह्न दिनुपर्छ । ( )

(घ) आमा पुलिङ्ग बुझाउने शब्द होइन । ( )

(ङ) तिमी द्वितीय पुरुष सर्वनाम हो । ( )

## तलको अनुच्छेदबाट पाँचओटा प्रश्न निर्माण गर्नुहोस् :

आज घरमा पाहुना आउनुभएको थियो । बुबाआमा पाहुनासँगै बसेर गफ गर्दै हुनुहुन्थ्यो । उहाँहरू कुराकानीमा व्यस्त हुनुहुन्थ्यो । बहिनी साथीहरूसँग खेलेर घरमा आइन् । उनको कपाल, अनुहार र कपडा सबैतिर धुलाले ढाकिएको थियो । एक छिनमा भाइ पनि दौडिँदै आए । उनी पनि बहिनीसँगै खेल्न गएका थिए । भाइ पनि धुलै भएर आएका थिए ।

**प्रश्न**

(क) ...................................................................

(ख) ...................................................................

(ग) ...................................................................

(घ) ...................................................................

(ङ) ...................................................................



## अनुभवमा आधारित क्रियाकलाप

**तलको अनुच्छेद पढ्नुहोस् र उत्तर दिनुहोस् :**

वर्षा यामको समय थियो । बरबोटे गाउँका धेरै मानिस बिरामी भए । उनीहरू एकै पटक धेरै सङ्ख्यामा अस्पताल भर्ना हुन पुगे । डाक्टरले सबैको औषधी उपचार गरे । बिरामीहरू क्रमशः निको हुँदै गए । डाक्टरलाई लाग्यो, यति धेरै मानिस एकैपटक कसरी बिरामी भए होला ?  डाक्टर आफैँ बरबोटे गाउँ भ्रमण गर्न आए ।

(क) मानिस कसरी बिरामी भए होला ?

.................................................................

(ख) डाक्टर किन बरबोटे गाउँ आएका हुन् ?

.................................................................

(ग) डाक्टर र गाउँलेका बिचमा के के कुराकानी भए होला ?

.................................................................



## स्वप्रेरित क्रियाकलाप

**तलको वेबसाइटमा जानुहोस् र डढेलो वा आगलागीका बारेमा सामग्री खोजेर पढ्नुहोस् :**

**https://ne.wikipedia.org › wiki ›**

# पाठ २

# टिप्पणीसहितको प्रतिक्रिया

**तलको पाठ पढेर परिवारका कसैलाई सुनाउनुहोस् :**




मेरो नाम मानवीर (आफ्नै नाम सम्झेर पढ्नुहोस् ) हो । म गोगने गाउँमा बस्छु । मेरो छिमेकमा धेरै मानिस छन् । तीमध्ये म आज तपाईंहरूलाई चार जना छिमेकी चिनाउँछु । उहाँहरू बुद्धिमान, चञ्चला, रुबिना र मोहम्मद (आफ्नै छिमेकी सम्झेर पढ्ने) हुनुहुन्छ ।

बुद्धिमान किसान हुनुहुन्छ । उहाँ खेतीपाती गर्नुहुन्छ । उहाँ आफ्नो जमिनमा तरकारी खेती गर्नुहुन्छ । उहाँ आफ्नो बारीमा जैविक मल मात्र प्रयोग गर्नुहुन्छ । आफ्ना बारीमा उब्जेका सब्जी तरकारी बजारमा लगेर बेच्नुहुन्छ ।

चञ्चला बैङ्कमा व्यवस्थापक हुनुहुन्छ । उहाँ राष्ट्रिय वाणिज्य बैङ्कमा काम गर्नुहुन्छ । उहाँ सर्वसाधारणलाई आफूले कमाएको पैसा बैङ्कमा राख्न अनुरोध गर्नुहुन्छ । कुनै व्यापार गर्दा बैङ्कबाट कर्जा लिन पनि आग्रह गर्नुहुन्छ । उहाँ तरकारी खेती गर्नेलाई कर्जा उपलब्ध गराउनुहुन्छ ।

रुबिना नर्स हुनुहुन्छ । उहाँ अस्पतालमा काम गर्नुहुन्छ । उहाँ बिरामीको हेरचाह गर्नुहुन्छ । उहाँ बिरामीहरूलाई औषधी खुवाउने, सुई लगाउने, घाउ सफा गरिदिने काम गर्नुहुन्छ । उहाँ बिहान, दिउँसो वा राति अस्पतालमा काम गर्नुहुन्छ ।

मोहम्मदले चोकमा एउटा मोटरसाइकल मर्मत केन्द्र खोल्नुभएको छ । उहाँ बिग्रेका मोटरसाइकलहरू मर्मत गर्नुहुन्छ । त्यहाँ ट्युब फुटेमा, इन्जिन बिग्रेमा सजिलै मर्मत हुन्छ । उहाँ बिग्रेका साइकल पनि मर्मत गर्नुहुन्छ ।

## सिकाइ क्रियाकलाप

### ठिक उत्तर छान्नुहोस् :

(क) बुद्धिमान आफ्नो बारीमा

(अ) जैविक मल प्रयोग गर्नुहुन्छ ।  (आ) रासायनिक मल प्रयोग गर्नुहुन्छ ।

(ख) चञ्चला सर्वसाधारणलाई

(अ) आफूले कमाएको रकमखर्च गर्न आग्रह गर्नुहुन्छ ।  (आ) आफूले कमाएको रकम बचत गर्न आग्रह गर्नुहुन्छ ।

(ग) रुबिना

(अ) बिरामीको हेरचाह गर्छिन् ।  आ) बिरामी मानिसलाई अस्पताल लान्छिन् ।

(घ) मोहम्मद

(अ) बिग्रेका रेडियो मर्मत गर्नुहुन्छ ।  (आ) बिग्रका मोटरसाइक मर्मत गर्नुहुन्छ ।

### आफैँ सोचेर जोडा मिलाउनुहोस् :



(क) खेतीपातीको काम गर्ने



(ख) गाडी कुदाउने



(ग) हिमाल चढ्ने



(घ) हवाईजहाज उडाउने



(ङ) चित्र बनाउने

तलका चित्रले के जनाउँछन्, लेख्नुहोस् :

(क)




(ख)




(ग)



(घ)



(क) ..................................................

(ख) ..................................................

(ग) ..................................................

(घ) ..................................................

## अन्तरक्रियात्मक क्रियाकलाप

**परिवारका मानिस वा कोही जान्नेसँग सोधेर तलका शब्द र टुक्काको अर्थ बुझ्नुहोस् र ती शब्द प्रयोग गरेर एक एक वाक्य बनाउनुहोस् :**

तल : ........................................................

माथि : ......................................................

वर : .........................................................

पर : .........................................................

भित्र : .......................................................

बाहिर : ....................................................

कुरा काट्नु : ............................................

डाँडो काट्नु : ............................................

## खोज क्रियाकलाप

**समुदायमा आफूले चिनेका एक जना व्यक्तिको नाम लेखी तालिका भर्नुहोस् :**

| क्र.सं. | पेसा | नाम |
|---|---|---|
| १. | खेलाडी | |
| २. | सिकर्मी | |
| ३. | सैनिक | |
| ४. | शिक्षक | |
| ५. | पण्डित | |
| ६. | सूचीकार | |
| ७. | कर्मचारी | |
| ८. | प्रहरी | |
| ९. | चालक | |

**शब्दकोश हेरेर वा कसैलाई सोधेर तलका शब्दको अर्थ बुझ्नुहोस् र जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आधा | आधी |
| | आदि |
| एक जनावर | गदा |
| | गधा |
| चन्द्रमा | जुन |
| | जून |
| अन्डा | फुल |
| | फूल |
| एक हिंस्रक जनावर | बाघ |
| | बाग |

**तलका प्रश्नको उत्तर खोज्दै रमाइलो यात्रा शीर्षकमा एउटा लेख तयार पार्नुहोस् :**

(क) तपाईं कहाँ घुम्न जानुभयो ?

(ख) को कोसँग जानुभयो ?

(ग) कसरी जानुभयो ?

(घ) तपाईं गएका ठाउँमा तपाईंले के के काम गर्नुभयो ?

(ङ) त्यहाँ के के देख्नुभयो ?

(च) देखिएका कुराबाट तपाईंका मनका कस्ता कस्ता कुरा खेले ?

(छ) तपाईंलाई सोध्न मन लागेका कुरा कसलाई सोध्नुभयो ?

(ज) उहाँबाट कस्तो जवाफ पाउनुभयो ?

(झ) जबाफबाट तपाईं सन्तुष्ट हुनुभयो ?

(ञ) तपाईं कति बेला फर्किनुभयो ?

(ट) फर्किंदा कुनै घटना घटे ?

(ठ) फर्किसकेपछि तपाईंलाई कस्तो लाग्यो ?

(ड) फेरि फेरि घुम्न जान पाए हुन्थ्यो भन्ने लाग्यो ?



## अभ्यास क्रियाकलाप

### शुद्ध बनाई सार्नुहोस् :

(क) उनीहरूले राम्रो कथा लेख्यो ।

(ख) उसकी बहिनीहरू गीत गाउँछे ।

(ग) हामी घरमा बसेर काम गर्छु ।

(घ) त्यो घरहरू विदेशीहरूले बनाएको हो ।

(ङ) उसले पुरानो कुराहरू सुनाए ।

### तलको कथा पढ्नुहोस् र प्रश्नको उत्तर लेख्नुहोस् :

एक जना मान्छेले एउटा गधा र एउटा कुकुर पालेको थियो । ऊ आफ्ना गधा र कुकुरलाई प्रशस्त खानेकुरा दिँदैनथ्यो ।

एक रात त्यस मान्छेको घरमा एउटा चोर सुटुक्क पस्यो । चोर पसेको देखेर गधाले कुकुरलाई भन्यो, "ए भाइ ! हाम्रो मालिकको घरमा चोर पसेको देखेर पनि तिमी भुक्तैनौ ? भुकेर मालिकलाई ब्युँझाइदेऊ न ।"

कुकुरले अलि झर्को मान्दै भन्यो, "पसोस् न त चोर ! तिमीलाई के मतलब ? आफू टन्न खाएर हात्ती जत्रो मोटाएको छ । हामीलाई भने जहिल्यै आधी पेट दिन्छ ।" गधालाई भने कुकुरको कुरा मन परेन । उसले भन्यो, "हेर भाइ ! तिम्रो काम चोर भगाउनु हो । आफ्नो काम झट्ट गरिहाल त ।"

गधाले सम्झाउँदा पनि कुकुरले टेरपुच्छर लाएन । उसले भुक्तै भुकेन । त्यसपछि ऊ मालिकलाई ब्युँझाउने विचारले कराउन थाल्यो । मालिक मस्त निद्रामा थियो । गधाको आवाजले ऊ ब्युँझ्यो । उसलाई गधासँग रिस उठ्यो । उसले गधालाई पिट्न थाल्यो ।

**प्रश्न**

(क) तपाईंलाई गधा र कुकुरमध्ये कुन बुद्धिमान् लाग्यो ? किन ?

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

(ख) टेरपुच्छर नलाउनु भन्ने टुक्काको अर्थ नटेर्नु वा भनेको नमान्नु भन्ने हुन्छ । यो अर्थ जनाउने गरी कथामा भएभन्दा भिन्नै वाक्य बनाउनुहोस् :

टेरपुच्छर नलाउनु : ........................................................................।

## उत्तर लेख्नुहोस् :

(क) कुकुर र गधाको मालिक कस्तो स्वभावको थियो ?

(ख) गधाले कुकुरलाई के भन्यो ?

(ग) यस कथाले के सन्देश दिन्छ ?

## खाली ठाउँमा उपयुक्त शब्द राखी कथा पूरा गर्नुहोस् :

एउटा गाउँमा व्यापारी बस्थ्यो । उसले घरमा कुकुर र गधा पालेको थियो । ............ भारी बोकेर बजार जान्थ्यो । ............ घरको रेखदेख गर्ने गर्थ्यो । व्यापारी लोभी ............ । ऊ आफू मात्र मिठो मिठो ............ खान्थ्यो । एक दिन ............ खाना खाएर चाँडै सुत्यो । त्यस दिन घरमा चोर ............ । ............ देखेर कुकुर भुकेन । गधाले कराएर व्यापारीलाई ............ । व्यापारी निद्रा बिगारिदिएको भनेर ............ सँग रिसायो । व्यापारीले गधालाई नराम्ररी पिट्यो । कुकुरले गर्ने काम गर्दा ............ दुःख पायो । व्यापारी फेरि ओछ्यानमा पल्टियो । राती नै चोरले उसका घरका ............ चोरे । व्यापारीले गधामाथि गरेको व्यवहार सम्झेर पछुतो मान्यो ।

## तपाईं निशान्त बन्नुहोस् र तपाईंका साथीलाई ग्राहक बनाई तलको संवाद अभिनयसहित पढ्नुहोस् । यसपछि तलको प्रश्नको उत्तर तयार पार्नुहोस् :

ग्राहक : दाइ ! साबुन छ ?

निशान्त : छ हजुर ! नुहाउने कि लुगा धुने ?

ग्राहक : नुहाउने दिनू न ! एउटाको कति पर्छ ?

निशान्त : पच्चिस रुपियाँ । अरू केही चाहिन्छ कि ?

ग्राहक : चाहिन्छ नि । कालो दाल एक केजी, चामल पाँच केजी, दन्तमञ्जन दुइटा, दुई पाकेट नुन र तीन पुरिया बिस्कुट दिनुस् न । दाम पनि भन्नुस् त ।

निशान्त : कालो दाल केजीको एक सय पचास, चामल केजीको सय, दन्तमञ्जन एउटाको साठी, नुन बिस रुपियाँ पाकेट र बिस्कुट एक पुरियाको चालिस रुपियाँ पर्छ ।

ग्राहक : तोरीको तेल पनि दुई लिटर दिनुस् है । तेलको दाम चाहिँ कति नि ?

निशान्त : तोरीको तेल त चार सय पचास रुपियाँ प्रतिलिटर हो ।

ग्राहक : ठिक छ दाइ ।

(क) ग्राहकले तपाईं (निशान्त)सँग किनेका सामानको सूची बनाउनुहोस् ।



## अनुभवमा आधारित क्रियाकलाप

**आफ्नो भान्साकोठामा भएका दशओटा सामग्रीको सूची बनाउनुहोस् :**

(क) ........................ (च) ........................

(ख) ........................ (छ) ........................

(ग) ........................ (ज) ........................

(घ) ........................ (झ) ........................

(ङ) ........................ (ञ) ........................

**के कसरी कराउँछ ? भन्नुहोस् र लेख्ने प्रयास गर्नुहोस् :**

काग :

स्याल :

कुकुर :

गाई :

भ्यागुतो :

बिरालो :

पाठ ३

# विचार तथा सार प्रस्तुति

**तलको पाठ बुझेर पढ्नुहोस् :**




रेडियो, टेलिभिजन, कम्प्युटर, मोबाइल फोन, पत्रपत्रिका, फ्याक्स आदि सञ्चारका साधन हुन् । इन्टरनेट, इमेल, सामाजिक सञ्जाल आदि सञ्चारका माध्यम हुन् । सृष्टिकालमा जङ्गली स्वभाव भएको मानिसले सभ्यता विकास गरेको कुरा हामीले यिनै माध्यमबाट थाहा पायौँ । सञ्चारले हामीलाई समाजमा बस्न सिकायो । आधुनिक खेतीपाती गर्न सिकायो । पशुपालन गर्न र सुविधासम्पन्न घर बनाउन सिकायो । मौसमको जानकारी दियो । खाने कुराको जानकारी दियो । रोग, औषधी र उपचार पद्धतिको जानकारी दियो । मानिसहरूबिच सम्बन्ध बढायो । सञ्चार हाम्रो पथप्रदर्शक बन्यो । यसले मानिसका विचार र भावनालाई अरुसमक्ष पुऱ्यायो । विभिन्न आविष्कारसँगै विभिन्न प्रविधिको विकास भयो । संसार एउटा सानो गाउँजस्तै बन्यो । सञ्चार र प्रविधिकै कारण मानिसले आफ्नो इतिहास पढ्न सक्यो । आधुनिक जमानामा सञ्चार मानिसको सहयोगी मित्र बन्यो ।

सञ्चार प्रविधिमा भएको विकासले मानव जीवनका सबै पक्षमा प्रभाव पाऱ्यो । आज हामी कैयौँ किलोमिटर टाढाका मानिसलाई आफ्नै अगाडि हेरेर गफ गर्न सक्छौँ । टाढाका बिरामीलाई कम्प्युटरको पर्दामा हेरेर डाक्टरले उपचार गर्न सक्छन् । खेती लाउने र उठाउने काम मेसिनले गर्न सक्छ । घरैमा बसेर कार्यालयको काम गर्न सकिन्छ । चालकबिना हवाईजहाज उडाउन सकिन्छ । अन्तरिक्षमा रकेट पठाउन र यात्रा गर्न सकिन्छ । सूचना प्रविधिको प्रयोग गरेर पात्रो हेर्न, नक्सा हेर्न र चिठीपत्र पठाउन सकिन्छ । यसमा सूचनाको भण्डारन र संरक्षण हुने भएकाले यसबाट रोजगारीको जानकारी लिन सकिन्छ । व्यापार गर्न, किनमेल गर्न र शिक्षा लिन दिन पनि सूचना प्रविधिको प्रयोग हुन्छ । सूचना प्रविधि आजका मानिसको अभिन्न अङ्ग बनिसके को छ ।



## अभ्यास क्रियाकलाप

### ठिक र बेठिक छुट्याउनुहोस् :

(क) इन्टरनेट, इमेल, सामाजिक सञ्जाल आदि सञ्चारका साधन हुन् । (...............)

(ख) इतिहास पढेर सञ्चार र प्रविधिको विकास भएको हो । (...............)

(ग) टाढाका बिरामीलाई कम्प्युटरको पर्दामा हेरेर डाक्टरले उपचार गर्न सक्छन् । (...............)

(घ) व्यापार गर्न, किनमेल गर्न र शिक्षा लिन दिन सूचना प्रविधिको प्रयोग गरिँदैन । (...............)

(ङ) सञ्चार प्रविधिबाट रोजगारीको सूचना लिन सकिन्छ । (...............)

### प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सञ्चारका साधन के के हुन् ?

(ख) सञ्चारले मानिसलाई के के सिकायो ?

(ग) सञ्चार कसरी मानिसको साथी बन्यो ?

(घ) सूचना प्रविधिको प्रयोग गरेर गर्न सकिने तीन काम के के हुन् ?

(ङ) यो पाठ पढेर तपाईंले सिकेका तीन कुरा के के हुन् ?

## जोडा मिलाउनुहोस् :



रेडियो



टेलिभिजन



कम्प्युटर



मोबाइल फोन




पत्रपत्रिका



फ्याक्स

**टेलिफोन नभएको भए अहिलेको जमानामा के के गर्न सकिँदैनथ्यो होला ? सोचेर लेख्नुहोस् ।**

**तलका शब्द कसरी बनेका रहेछन् हेर्नुहोस् र माथिका पाठमा प्रयोग भएका निम्नलिखित शब्दको बनोट प्रक्रिया लेख्नुहोस् :**

| | |
|---|---|
| अव+धारणा = अवधारणा | प्र+योग = प्रयोग |
| सु + समाचार = सुसमाचार | अ + योग्य = अयोग्य |
| सम् + चार = सञ्चार | अति + आधुनिक = आधुनिक |
| सु + सूचित = सुसूचित | अति + अन्त = अन्यन्त |

सञ्चार = सम् + चार

विकास = .............+ .............

उपचार = .............+ .............

प्रविधि = .............+ .............

प्रयोग = .............+ .............

अभिन्न = .............+ .............



## अन्तरक्रियात्मक क्रियाकलाप

**साथी सञ्जालको प्रयोग गर्दै तपाईं र तपाईंका साथी मिलेर तलको संवाद अभिनयसहित पढ्नुहोस् र प्रश्नको उत्तर दिनुहोस् :**

चारु : साथीहरू तपाईंहरू सहरतिर जानुपर्‍यो भने केमा चढेर जानुहुन्छ ?
लखन : मेरो घर नेपालगञ्ज हो । त्यहाँ त टाँगा चल्छ । टाँगा चढेर जाने हो ।

पासाङ : हाम्रो तिर त हिमाली क्षेत्र छ । त्यहाँ भेडा र चौँरीलाई भारी बोकाएर सामान ओसारपसार गर्छन् ।
भाइचा : म त काठमाडौँमा बस्छु । त्यहाँ मान्छेका लागि बस, हवाईजहाज, कार, मोटरसाइकल छन् । सामान बोक्ने ट्रक पनि छन् ।
रवि : मेरो घर त झापा हो । त्यहाँ सामान बोक्न गोरुगाडा, राँगागाडा प्रयोग गरिन्छ ।

(क) माथिको संवाद पढेपछि  यातायातका दशओटा साधनको नाम लेख्नुहोस् :

.......... .........  .......... .........  .......... .........  .......... .........  .......... .........  .......... .........

.......... .........  .......... .........  .......... .........  .......... .........

**ठिक र बेठिक छुट्याउनुहोस् :**

(क) साइकल इन्जिन नभएको सवारी साधन हो । ............

(ख) मोटरसाइकल दुई पाङ्ग्रे सवारी साधन हो । .............

(ग) गोरुगाडामा पनि इन्जिन हुन्छ । ................

(घ) गाडीमा भन्दा चौँरी र भेडामा सामान बोकाउँदा सस्तो पर्छ । ...................

(ङ) तराईमा भन्दा पहाडमा यात्रा गर्न कठिन छ । ..............



## खोज क्रियाकलाप

**आमा समूहको आयोजनामा गाउँमा रोग र सरसफाइसम्बन्धी सेमिनार भयो । यसमा विज्ञ उपेन्द्र दासले कार्यपत्र प्रस्तुत गर्नुभयो । तपाईंले उक्त सेमिनारमा सहभागी भएपछि के के जानकारी लिनुभयो ? टिपोट गर्नुहोस् र आफ्ना साथी सञ्जालमा प्रस्तुत गर्नुहोस् ।**

**हामी बस्ने टोलमा मानिसहरूले सञ्चारका कुन कुन  साधन प्रयोग हुन्छन् ? एकछिन सोचेर तिनको सूची बनाउनुहोस् । त्यसपछि कुनै एक सञ्चारका साधनका बारेमा पचास शब्दमा नघटाई वर्णन गर्नुहोस्  ।**



## अभ्यास क्रियाकलाप

**तलको अनुच्छेद पढ्नुहोस् र त्यसरी नै आफ्नो गाउँ टोलको वर्णन लेख्नुहोस् :**

ल्हासो फ्याफुल्ला

मेरो नाम डोल्मा  हो । म कञ्चन गाउँमा बस्छु । यो ठाउँ कञ्चन गाउँपालिकामा पर्छ । कञ्चन गाउँपालिका रुपन्देही जिल्लामा पर्छ । मेरो गाउँमा लगभग तिस घरपरिवार छन् । मेरो गाउँका धेरैजसो मानिस खेतीपाती गर्छन् । केही सहर तिर जागिर खान्छन् । कोहीकोही धन कमाउन विदेश गएका छन् । मेरो गाउँ गुप्ता जातिको बसोबास भएको गाउँ हो । यहाँ गुप्ता, बाहुन, चौधरी, विश्वकर्मा जातका मानिस पनि बस्छन् । यहाँका धेरैजसो मानिस अवधी भाषा बोल्छन् ।

| म बसेको ठाउँ |
| --- |
| ........................................................................................................................ |
| ........................................................................................................................ |
| ........................................................................................................................ |
| ........................................................................................................................ |
| ........................................................................................................................ |

(क) साथीलाई टेलिफोन गरेर तपाईंले लेखेको अनुच्छेद सुनाउनुहोस् ।

## तलको अनुच्छेद एक मिनेटमा पढ्नुहोस् :

स्यालले खरायोलाई देख्यो । बाघले फुर्तिलो मृगलाई आँखा तरेर हेर्‍यो । हात्तीले जिराफलाई सुँडले बेर्न खोज्यो । गैँडाले केटालाई आफूसँग बोलायो । सिंहलाई कागले जिस्क्यायो । चकचके बाँदरले लङ्गुरको पुच्छर तानिदियो । यो देखेर सानो लोखर्केले मायालु सन्तानलाई काखमा लियो ।

## एउटै शब्द बनाउनुहोस् :

जस्तै गाईको गोठ = ....गाईगोठ.........

मकैको बारी = .....................

सानी आमा = .....................

वर पर = .....................

पाँच कन्याको समूह = .....................

गाडी र घोडा = .....................

## कोष्ठकबाट सही शब्द छानेर खाली ठाउँमा शुद्ध वाक्य लेख्नुहोस् :

(क) ................ खाजा खान्छु । (हामी/म)

(ख) ...................... पनि राम्ररी पढ्नुहोस् (तँ / तपाईं)

(ग) ................. राम्रो चित्र बनाएकी छिन् । (ऊले / उनले)

(घ) ..................... खाजा के खान्छौँ ? (तिमी / तँ)

(ङ) .................... यता आओ । (तिमीहरू / तिमी)

## तलको भनाइ पढ्नुहोस् र के बुझ्नुभयो, लेख्नुहोस् :

आफ्नो विश्वास आफैँले गर्न सक्नु नै आत्मविश्वास हो । आत्मविश्वासी व्यक्तिको जीवन सफल हुन्छ । सफलता र आत्मविश्वासका बिचमा नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । जीवनमा आइपर्ने विभिन्न समस्या समाधान गरी आफूलाई सफल मानिस सावित गर्न आत्मविश्वासी  बन्नुपर्छ । आत्मविश्वासी बन्न प्रत्येक व्यक्तिमा साहस, धैर्य र सकारात्मक सोच चाहिन्छ ।

| **मैले बुझेका कुरा** |
| --- |
| ........................................................................................................................................ |
| ........................................................................................................................................ |
| ........................................................................................................................................ |
| ........................................................................................................................................ |
| ........................................................................................................................................ |

## शब्दकोश हेर्नुहोस् वा तपाईंको मोबाइलमा प्रज्ञा नेपाली बृहत् शब्दकोश डाउनलोड गरी तलका शब्दको दुई भिन्न भिन्न अर्थ लेख्नुहोस् :

**जस्तै :**

**अर्थ** **१. धन, सम्पत्ति**

**२. माने, तात्पर्य**

दर १. ...................

२. ...................

असार　१. ..................

　　　२. ..................

तर　　१. ..................

　　　२. ..................

साँचो　१. ..................

　　　२. ..................

रहर　　१. ..................

　　　२. ..................



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईंको परिवारको आयस्रोत के हो ? परिवारका सदस्य के के गर्नुहुन्छ ? पाँच वाक्य लेख्नुहोस् :**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................



## स्वप्रेरित क्रियाकलाप

***https://bheriganagamun.gov.np/ne/content/*** **वेबसाइटमा हेर्दा निम्नानुसारका विरण प्राप्त गरेँ। यसमा अझै धेरै कुरा छन्। केके छन्, तपाईं पनि हेर्नुहोस् :**

**व्यक्तिगत घटना दर्तासम्बन्धी धेरै जसो सोधिने प्रश्न**

**१. व्यक्तिगत घटना दर्ता के हो ?**

**उत्तर :** व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइ जस्ता मानिसका आफ्ना निजी घटना स्थानीय पञ्जिकाधिकारीकोमा गई दर्ता गराउने र प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

**२. व्यक्तिगत घटना दर्ता गर्नै जरुरी छ छैन ?**

**उत्तर :** जरुरी छ । व्यक्तिले राज्यबाट पाउने सेवा सुविधा र हक स्थापनाका गर्न कानुनबमोजिम गर्ने व्यवहारका लागि व्यक्तिगत घटना दर्ताका प्रमाणपत्र जरुरी हुन्छ ।

**३. व्यक्तिगत घटना दर्ता कहाँ गरिन्छ ?**

**उत्तर :** सम्बन्धित व्यक्ति स्थायी बसोबास गरेको गाउँपालिका वा नगरपालिका ।

**४. व्यक्तिगत घटना कसले गर्छ ?**

**उत्तर :** स्थानीय पञ्जिकाधिकारीले

**५. स्थानीय पञ्जिकाधिकारी कसलाई भनिन्छ ?**

**उत्तर:** (क) नगरपालिकाहरूका हकमा वडा सचिव र वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारी (रजिस्ट्रार) को सहमतिमा नगरपालिकाको सचिवले तोकेको स्थानीय निकायको कर्मचारी

(ख) गाउँपालिकाको हकमा गाउँपालिकाको सचिव र गाउँपालिकाको सचिव नभएको अवस्थामा पञ्जिकाधिकारी (रजिस्ट्रार) ले तोकिदिएको स्थानीय निकायको कर्मचारी

**६. व्यक्तिगत घटना दर्ताको लागि सूचक को हुन्छ ?**

**उत्तर :** व्यक्तिगत घटना दर्ताको लागि देहायबमोजिमका सूचक हुन सक्छन् ।

» व्यक्तिगत घटना

» सूचक बन्न सक्ने व्यक्ति

**जन्म**

» बुवा-आमा,बाजे वा परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति

» धर्मपुत्र पुत्रीको जन्म दर्ता गर्न कानुनबमोजिम पारित लिखत समेत राखी धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु वा आमा

» बाबु आमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसको आधारमा सम्बन्धित नगरपालिका/गाउँपालिकाको प्रमुख वा उपप्रमुख र निजको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिसको आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत

**मृत्यु**

» परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति

» आमाबाबुको मृत्यु भएको सूचना दिने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा विवाहित छोरी समेत

» विवाहित दिदीबहिनीको मृत्युका सम्बन्धमा वंशजतर्फ कोही पनि नभएको प्रमाणित भएको खण्डमा माइतीतर्फका दाजुभाइसमेत

» बाबुआमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसको आधारमा नगर पालिका/गाउँपालिकाको प्रमुख वा उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिसको आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत

**विवाह**

» पति र पत्नी दुवै

» बेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न पति वा पत्नी एक्लै (सर्जमिन मुचुल्कासहित), पतिले विवाह दर्ता गर्न इन्कार गरेको अवस्थामा नाता कायम प्रमाणपत्र वा सम्मानित अदालतको फैसलाको प्रमाणपत्र भएमा पत्नी एक्लै ले

**सम्बन्धविच्छेद**

» पति वा पत्नीमध्ये कुनै एक (तर अदालतले सम्बन्ध विच्छेदको फैसला गरेको कागजात जरुरी हुन्छ।)

» दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्धविच्छेद गर्ने नेपाली नागरिकका हकमा राजदूतावासबाट प्रमाणित अदालतको फैसलाको आधारमा पति वा पत्नीले बसाइँसराइ

» परिवार सबै बसाइँसराइ गर्ने भए परिवारको मुख्य व्यक्तिले

» व्यक्ति एक्लै बसाइँ सराइँ गर्ने भए व्यक्ति स्वयम्ले

**७. बाबुको ठेगाना नभएका बच्चाको आमाको नामबाट जन्मदर्ता गर्न मिल्छ ?**

**उत्तर :** मिल्छ। बाबुको ठेगान नभएका बच्चाको जन्मदर्ता गर्न सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखी आमा सूचक बनी जन्मको घटना दर्ता गर्न सकिन्छ।

**८. आमा र बुबा दुवै नभएका बच्चाको जन्मदर्ता गर्न मिल्छ ?**

**उत्तर :** मिल्छ।

**९. मावली हजुरबुवा वा हजुरआमा पनि सूचक हुन सक्छन् ?**

**उत्तर :** सक्दैनन्।

**१०. विदेशी नागरिकको जन्म दर्ता गर्न मिल्छ ?**

**उत्तर :** बच्चा नेपालमा जन्मेको हो भने मिल्छ।

**११. नेपाली आमाबाट विदेशमा जन्मी बाबुको पत्ता नलागेको बच्चाको जन्म दर्ता गर्न मिल्छ ?**

**उत्तर :** मिल्छ। यसो गर्दा बालकको जन्म दर्ता गर्दा प्रमाणपत्रमा नेपाली राजदूतावास वा महावाणिज्य दुतावासले उपलब्ध गराएको Travel Document मा उल्लिखित विवरण (जस्तै: जन्म स्थान, देश र जन्म मिति) उल्लेख गर्नुपर्छ। यसबाहेक जन्म दर्ता प्रमाणपत्रमा विदेशी हो भने विदेशी र थाहा नभएको अवस्थामा थाहा नभएको उल्लेख

गर्नुपर्छ।

**१२. के कारागारमा जन्मेका/रहेका बच्चाको पनि जन्म दर्ता गर्न मिल्छ ?**

**उत्तर :** कारागारमा जन्मेका/रहेका बालबालिकाको कारागारमा रहेको व्यहोरा प्रमाणित भई आएबमोजिम जन्म दर्ता गर्न मिल्छ।

**१३. के शैक्षिक प्रमाणपत्रको आधारमा जन्म मिति सच्याउन सकिन्छ ?**

**उत्तर :** सकिन्छ। तर एसइई उत्तीर्ण भएको मितिले छ महिना नाघेको अवस्थामा मात्र एसइईको लब्धाङ्क पत्र र वद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको आधारमा जन्म मिति सच्याउन सकिने व्यवस्था रहेको छ। एसइई उत्तीर्ण भएको छ महिनाभित्र जन्म दर्ता प्रमाणपत्रको आधारमा राष्ट्रिय परीक्षा बोर्डले शैक्षिक प्रमाणपत्रमा विवरण सच्याइदिने व्यवस्था रहेको छ।

**१४. बाबुआमा नभएका व्यक्तिको पालनपोषण गर्ने व्यक्ति सूचक बनी जन्म दर्ता गर्न मिल्छ ?**

**उत्तर :** मिल्दैन।

**१५. विदेशी नागरिकको मृत्यु दर्ता गर्न मिल्छ ?**

**उत्तर :** मिल्छ।

**१६. विदेशी नागरिकको मृत्यु दर्ता गर्न को सूचक हुन्छ र के के कागजातको आवश्यकता पर्छ ?**

**उत्तर :** सम्बन्धित देशको राजदूतावास वा नियोगले प्रमाणित गरिदिएको सूचक वा आधिकारिक व्यक्तिले सूचक हुन पाउँछ। यसका लागि निम्नानुसारको थप कागजात समेत चाहिन्छ :

क. मृत्यु भएको अस्पताल वा प्रहरी प्रतिवेदन,

ख. सम्बन्धित देशको राजदूतावासको सिफारिस वा कुनै कार्यालय वा योजनामा कार्यरत रहेको भए प्रमुखको रितपूर्वकको पत्र।

**१७. विदेशी नागरिक र नेपाली नागरिकबिच भएको विवाह दर्ता गर्न मिल्छ ?**

**उत्तर :** मिल्छ। विदेशी नागरिक र नेपाली नागरिकबिच भएको विवाह प्रमुख जिल्ला अधिकारी वा कानुनले तोकेको अधिकारीद्वारा विवाह दर्ता ऐन, २०२८ बमोजिम प्रदत्त विवाहको प्रमाण देखिने कागजातको आधारमा मात्र दर्ता गर्न सकिन्छ।

**१८. नेपाली पुरुष र भारतीय महिलाबिच भएको विवाह दर्ता गर्न के गर्नुपर्छ ?**

**उत्तर :** यस्तो विवाह दर्ता गर्न विवाह दर्ता ऐन, २०२८ को प्रक्रिया पूरा गर्नुपर्दैन तर विवाह दर्ता प्रमाणपत्रमा पत्नीको नागरिकता नम्बरको महलमा भारतीय पासपोर्ट नम्बर वा भारतीय नागरिक जनिने विवरण उल्लेख गर्नुपर्छ।

**१९. वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न के गर्नुपर्छ ?**

**उत्तर :** बेपत्ता भएको आधिकारिक प्रमाण, विवाहित महिलाको सासू वा ससुरा वा देवर वा जेठाजु भएमा निजहरूमध्ये एकजना समेत कम्तीमा पाँच जना भएको स्थलगत सर्जमिन मुचुल्काको आधारमा बेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न सकिन्छ।

**२०. पतिले विवाह दर्ता गर्न इन्कार गरेको खण्डमा के गर्नुपर्छ ?**

**उत्तर :** पतिले विवाह दर्ता गर्न इन्कार गरेमा नाता कायम भएको प्रमाणपत्र वा नाता कायमबारे अदालतको फैसलाको आधारमा विवाह दर्ता गर्नुपर्छ।

**२१. के विदेशमा सम्बन्ध विच्छेद भएकाको दर्ता नेपालमा गर्न मिल्छ ?**

**उत्तर :** दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्ध विच्छेद गर्ने नेपाली नागरिकको हकमा नेपाली राजदूतावास/महावाणिज्य दूतावासबाट प्रमाणित अदालतको फैसलाको आधारमा दर्ता गर्न मिल्छ ?

**२२. सम्बन्ध विच्छेदको दर्ता कहाँ गर्नुपर्छ ?**

**उत्तर :** सम्बन्ध विच्छेदको घटना दर्ता पतिको स्थायी ठेगाना भएको गा.पा./न.पा.मा मात्र गर्नुपर्छ।

**२३. विवाह दर्ता गर्न जन्म दर्ता आवश्यक छ छैन ?**

**उत्तर :** छैन। तर पतिपत्नीको व्यक्तिगत विवरण विवाह दर्ता एवम् जन्म दर्ता प्रमाणपत्रहरूमा फरक नपरोस् भनी सुनिश्चित गर्नका लागि आवश्यक पर्न सक्छ।

**२४. बसाइँ सराइँ दर्ता गर्दा घरजग्गा हुनु आवश्यक छ छैन ?**

**उत्तर :** मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ को दफा २ को आशयबमोजिम छ महिनाभन्दा बढी अवधिदेखि सो ठाउँमा बसोबास गरेका छन् छैनन् भन्ने हेर्ने आधार आवश्यक पर्छ।

**२५. मतदाता परिचयपत्र भएको तर बसाइँसराइँ नभएको व्यक्ति र परिवारसँग सम्बन्धित घटना दर्ता कहाँ गर्ने ?**

**उत्तर :** मतदाता परिचयपत्र पाउने र व्यक्तिगत घटना दर्ता दुई अलग अलग कानुनअनुसार हुने हुँदा व्यक्तिगत घटना दर्ता सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको स्थानको पञ्जिकाधिकारीबाट हुनुपर्छ। मतदाता परिचयपत्र भएकै स्थानमा दर्ता गर्ने चाहना हो भने पहिले सेवाग्राहीले बसाइँ सराइँ गराउनुपर्छ।

**२६. व्यक्तिगत घटना दर्ता गर्दा नागरिकताको प्रमाणपत्र आवश्यक हुन्छ हुँदैन ?**

**उत्तर :** प्रमाणपत्रमा नागरिकता नं. उल्लेख हुनुपर्छ। जस्तै : जन्म दर्तामा बाबु र आमाको, मृत्युदर्तामा मृतकको, विवाह दर्तामा पति र पत्नीको, सम्बन्ध विच्छेद दर्तामा दर्ता माग गर्ने पति वा पत्नीको र बसाइँ सराइँमा सूचकको। त्यस्तै व्यक्तिगत घटना दर्ता नेपालमा बसोबास गर्ने विदेशीका लागि पनि भएकाले नागरिकताको सट्टा विदेशी नागरिकको पासपोर्ट नम्बर उल्लेख गर्नुपर्छ।

**२७. पहिले जारी भएको प्रमाणपत्रको प्रतिलिपि माग गरेको अवस्थामा नयाँ ढाँचामा प्रतिलिपि दिने मिल्छ वा मिल्दैन ?**

**उत्तर :** मिल्छ। सामान्यतया अङ्ग्रेजी भाषामा समेत प्रमाणपत्र लिने प्रयोजनका लागि सेवाग्राहीले यस्तो माग गर्न सक्छन्। स्थानीय पञ्जिकाधिकारीले यस्तोमा पुरानो प्रमाणपत्र कार्यालयको अभिलेखमा रहने गरी खिची लिने र अङ्ग्रेजी तथा नेपाली दुवै भाषा भएको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्नुपर्छ।

**२८. स्थानीय पञ्जिकाधिकारीको दस्तखत नभएको प्रमाणपत्रको कसैले नक्कल माग गरेको अवस्थामा के गर्ने ?**

**उत्तर :** यस्तो अवस्थामा दर्ता किताब हेरी एवम् तत्कालीन पञ्जिकाधिकारीको दस्तखतको नमुनासमेत भिडाई जारी गर्ने अधिकारीको नाम कतै उल्लेख भएको पाइएमा नाम समेत राखी प्रमाणपत्र दिने। दर्ता किताबबाट पनि नाम पत्ता

नलागेमा तर प्रमाणपत्रमा उल्लिखित सबै बेहोरा दुरुस्त भएको अवस्थामा स्थानीय पञ्जिकाधिकारीको नाम, थरको ठाउँमा द मात्र लेख्ने। प्रमाणपत्रको प्रतिलिपि जारी गर्दा पञ्जिकाधिकारीको नाम, थर, र मिति राखी दस्तखत समेत गरी प्रमाणित गर्ने

**२९. नेपाली र अङ्ग्रेजी भाषामा प्रमाणपत्र जारी गर्दा कुन भाषामा दस्तखत गर्ने ?**

**उत्तर :** यसमा दुई अलग अलग दस्तखत गर्न हुँदैन। कार्यालय दैनिक प्रयोजनमा जे दस्तखत गरिन्छ, त्यही दस्तखत नेपाली र अङ्ग्रेजी दुवै बेहोराको अन्त्यमा गर्नुपर्छ।

# पाठ ४

# विचार तथा सार प्रस्तुति

**टीका आत्रेयको अन्नदाता कविता बुझ्ने गरी पढ्नुहोस् :**

खेतबारी लहलह फलाउने अन्न
संसारको भोक टार्ने किसान हुन् धन्य !
गोठभरि गाईभैँसी साना पाडा बाच्छा
पालेका हुन् हाम्रै लागि पोखरीका माछा ।

पसिनाले भिजाउँछन् गरा गरा माटो
अन्न दिन्छ माटो पनि पसिनाको साटो
लेकबेँसी वनपाखा पानी कुलाभरि
जतातते किसानको काम थरी थरी ।

पालेका छन् खोरभरि कुखुरा र बाख्रा
लहरामा कति राम्रा फर्सी अनि काँक्रा
परिश्रमी हातहरू सिर्जनाका खानी
सिर्जनामै रमाउने प्यारो जिन्दगानी ।

दुध, दही, घिउ, मासु, फलफूल सारा
पुऱ्याउँछन् आफू झारी पसिनाका धारा
झरी बादल शीत ताप कतै डर छैन
माटोसँगै प्रीति गाँस्ने अरू कोही हैन ।

हलो, जुवा, कोदाली हुन् जीवनका खुसी
खेतबारी पाठशाला पसिना हो मसी
दुनियाँको खुसी लेख्ने किसानको मन
किसान हुन् अन्नदाता संसारकै धन ।



## सिकाइ क्रियाकलाप

**तल पाठमा प्रयोग भएका शब्दका अर्थ दिइएका छन् । ती अर्थ दिने शब्द बाकसबाट खोजेर खाली ठाउँमा लेख्नुहोस् :**

धारा, लेकबेँसी, सिर्जना, अन्नदाता, धन्य पसिना,  लहलह परिश्रमी, सारा, जिन्दगानी, शीत, प्रीति

मिहिनेती : ....................

रचना : ....................

राम्रो काम गर्ने : ....................

लगातार बगिरहने, धारो : ....................

अन्नका बोट, साग, घाँस आदि हरियो र भरिलो हुने अवस्था : ....................

राती जमिन, रुख, पात आदिमा पर्ने पानीका ससाना थोप्ला : ....................

काम गर्दा शरीरबाट निस्कने पानी : ....................

पहाडको टुप्पो र फेदीको जमिन : ....................

माया, ममता : ....................

खान दिने व्यक्ति, किसान : ....................

जीवन : ....................

सम्पूर्ण : ....................

**उदाहरणमा दिइए जस्तै गरी तल दिइएका श्लोकलाई वाक्यमा लेख्नुहोस् :**

कविता  : संसारको भोक टार्ने किसान हुन् धन्य !

वाक्य  :संसारको भोक टार्ने किसान धन्य  हुन् ।

(क) हलो, जुवा, कोदाली हुन् जीवनका खुसी

(ख) खेतबारी पाठशाला पसिना हो मसी

**कविता पढेर उत्तर लेख्नुहोस् :**

(क) माटासँग प्रीति गाँस्ने को हो ?

(ख) कवितामा खेतबारी र पसिनालाई केसँग तुलना गरिएको छ ?

(ग) किन किसान हुन् अन्नदाता संसारकै धन' भनिएको हो ?

(घ) यस कविताको मूल भाव के हो ?

**दिइएका श्लोकको आशय वर्णन गर्नुहोस् :**

दुध, दही, घिउ, मासु, फलफूल सारा

पुऱ्याउँछन् आफू झारी पसिनाका धारा

**अन्नदाता कविता पढ्नुहोस् र किसानका बारेमा आफ्नो विचार लेख्नुहोस् ।**

**अन्नदाता कविताको सार एक अनुच्छेदमा लेख्नुहोस् ।**

**तलको जन्मदर्तासम्बन्धी विवरण पढ्नुहोस् र तपाईंकी दाजुकी छोरीको जन्मदर्ता प्रमाण पत्र भरिदिनुहोस् :**

**जन्मदर्ता**

आज घरमा दाजुभाउजूलाई पुत्री लाभ भयो । घरमा छोरीको आगमन हुँदा हामी सबैलाई खुसी लागेको छ । अब न्वारन भएपछि नानीको जन्मदर्ता गराउनुपर्छ । कसरी पो गर्ने होला ? ए साँच्चि अस्ति वडाध्यक्षले एउटा कागज दिनुभएको थियो । त्यसमा हुनुपर्छ । मेरो झोलामै पो छ त त्यो त । पढ्नुपऱ्यो ।

जन्मदर्ता प्रमाणपत्र सेवा प्राप्त गर्न पेस गर्नं पर्ने कागजात के के हुन् ?

जन्म दर्ता प्रमाणपत्र सेवा प्राप्त गर्न पेस गर्नंपर्ने कागजात निम्नलिखित छन् :

**जन्मको अनुसूची-२ (नियम ५ सँग सम्बन्धित) बमोजिमको सूचना फाराम (भरेको हुनुपर्ने)**

» आमा/बाबुको विवाहदर्ताको प्रतिलिपि
» आमा/बाबुको नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपि
» सूचकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
» कर्मचारीको छोराछोरीको हकमा सम्बन्धित कार्यालयको सिफारिस
» आमाबाबु बसाइँसराइ भई आएको भए सोको प्रतिलिपि
» अस्पतालमा जन्मिएको भए सोको प्रमाणको प्रतिलिपि
» वडाको किटानी सिफारिस
» दस्तुर पालिकाको नियमानुसार

उल्लिखित प्रक्रिया पूरा भएपछि अनुसूची-१२ अनुसारको प्रमाण पत्र उपलब्ध गराइने छ ।

•अनुसूची-१२
(नियम ७ सँग सम्बन्धित)
जन्म दर्ता प्रमाणपत्रको ढाँचा

नेपाल सरकार (Government of Nepal)
स्थानीय पञ्जिकाधिकारीको कार्यालय (Office of Local Registrar)
वडा नं. ........, ............. गाउँपालिका/उपमहा/महा/नगरपालिका
Ward No. .........., ........................ Rural Municipality/Sub Metropolitan/ Metropolitan/Municipality
........... प्रदेश (.................. Province)

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

जन्म दर्ताको प्रमाणपत्र
(Birth Registration Certificate)

दर्ता नम्बर (Registration No.): दर्ता मिति (Registration Date) : वि.सं. ..... (.......A.D.)

| | |
|---|---|
| पूरा नाम: | |
| Full Name: | |
| जन्म मिति/Date of Birth: वि.सं. / (A. D.) | |
| लिङ्ग/Sex | |
| स्थायी ठेगाना: | |
| Permanent Address: | |
| जन्म स्थान/ Birth Place: | |
| बाजेको पूरा नाम: | |
| Full Name of Grandfather: | |
| बाबुको विवरण (Father's | पूरा नाम: |
| | Full Name : |

| | |
|---|---|
| Details) | परिचयपत्र नं (नागरिकता/राहदानी)/ID (Citizenship/Passport): / |
| आमाको विवरण Mother's Details | पूरा नाम: |
| | Full Name : |
| | परिचयपत्र नं (नागरिकता/राहदानी)/ ID (Citizenship/Passport): / |
| सूचकको विवरण Informant's Name | नाम: |
| | Name: |
| | परिचयपत्र नं (नागरिकता/राहदानी)/ ID(Citizenship/Passport): / |

सही (Signature):

स्थानीय पञ्जिकाधिकारीको नाम:

Name of Local Registrar

कार्यालयको छाप/Official Stamp

## तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

गरा : ............................................................................

लेकबेँसी : ............................................................................

लहरा : ............................................................................

शीत : ............................................................................

खेतबारी : ............................................................................

अन्नदाता : ............................................................................



## अन्तरक्रियात्मक क्रियाकलाप

**तपाईंको वडा कार्यालयको सचिवलाई भेटेर निम्नलिखित प्रश्न सोध्नुहोस् र उहाँले भनेका आधारमा निम्नलिखित प्रश्नको उत्तर तयार पार्नुहोस् :**

(क) बच्चाको जन्मदर्ता किन गर्नुपर्छ ?

(ख) जन्मदर्ता गर्न के के चाहिन्छ ?

(ग) जन्मदर्ता गरेपछि के के फाइदा हुन्छ ?

(घ) अरु के के दर्ता गर्नुपर्छ ?

# खोज क्रियाकलाप

मानिसको मृत्यु भएपछि स्थानीय वडा कार्यालयमा गई मृत्युको जानकारी दिएर परिवारका सदस्यले सोको प्रमाण पत्र लिनुपर्छ । तपाईं पनि नजिकको वडा कार्यालयमा जानुहोस् र मृत्युदर्ता प्रमाण पत्र लिने प्रक्रिया र ढाँचा हेरी कुनै काल्पनिक नाममा मृत्युदर्ता प्रमाण पत्र तयार पार्नुहोस् :

अनुसूची-१३

(नियम ७ सँग सम्बन्धित)

मृत्यु दर्ता प्रमाण पत्रको ढाँचा

नेपाल सरकार (Government of Nepal)

स्थानीय पञ्जीकाधिकारीको कार्यालय (**Office of Local Registrar**)

वडा नं. .......,............................गाउँपालिका/उपमहा/महा/नगरपालिका

Ward No. ........, .............................Rural Municipality/Sub Metropolitan/Metropolitan/Municipality

..............जिल्ला (.............District)

.............प्रदेश(.............Province)

## मृत्यु दर्ता प्रमाणपत्र

## (Death Registration Certificate)

दर्ता नं. (Registration No.): दर्ता मिति (Registration Date): वि.सं. ........................ (.....................A.D)

| | |
|---|---|
| मृतकको पूरा नाम: | |
| Deceased Full Name (In English): | |
| मृतकको परिचयपत्र नं (नागरिकता/राहदानी) | |
| ID of Deceased (Citizenship/Passport): | |
| मृत्यु भएको मिति (Date of Death): वि.सं. ............................... / (................................ A.D.) | |
| मृत्यु भएकोस्थान (Place of Death): | |
| स्थायी ठेगाना: | |
| Permanent Address: | |
| बाजेकोपूरा नाम : | |
| Full Nameof Grandfather: | |
| बाबुकोपूरा नाम : | |
| Full Name ofFather : | |
| आमाको पूरा नाम : | |
| Full Name ofMother : | |
| पति/पत्नीकोपूरा नाम: | |
| Full Name ofHusband/Wife: | |
| सूचकको बिवरण<br>Informant's Detail | पूरा नाम:<br>Full Name:<br>परिचयपत्र नं (नागरिकता/राहदानी)<br>ID(Citizenship/Passport).: |

सही (Signature):

स्थानीय पञ्जीकाधिकारीको नाम:

Name of Local Registrar:

कार्यालयको छाप/Official Stamp

**पाईंको गाउँ, टोलमा घट्ने सामाजिक घटनाका बारेमा अभिभावकसँग सोधी एक अनुच्छेद लेख्नुहोस् ।**

**रेडियो वा टेलिभिजनमा प्रसारित कुनै कार्यक्रमको मुख्य विषयवस्तु टिपोट गर्नुहोस् र त्यसको मूल विषय परिवारका सदस्यलाई  सुनाउनुहोस् ।**



## अभ्यास क्रियाकलाप

**तलको निवेदन पढेर तपाईंका साथीलाई सुनाउनुहोस् :**

**वडाध्यक्षलाई निवेदन**

मिति : २०७९/११/११

श्रीमान् वडाध्यक्ष,
सूर्योदय नगरपालिका वडा नं ७,
सूर्योदय, इलाम ।

विषय : प्रतियोगितामा भाग लिन पाऊँ ।

महोदय,
उपर्युक्त सम्बन्धमा हाम्रो वडाले प्रत्येक वर्ष विभिन्न प्रतियोगिता आयोजना गर्दै आएको छ। यस वर्ष पनि नृत्य प्रतियोगिता आयोजना गर्ने जानकारी वडा कार्यालयको सूचनापाटीबाट थाहा पाएँ। मेरो रुचि नृत्य र गायनमा छ। मैले प्रशिक्षकबाट नृत्य सिकी  अभ्यास पनि गरेको छु। म नृत्यमा राम्रो गर्न सक्छु जस्तो लाग्छ  । त्यसैले यस वर्ष आयोजना गरिने प्रतियोगितामा मलाई सहभागी हुने अवसर प्रदान गर्नुहुन विनम्र अनुरोध गर्छु।

निवेदक
रूपनी चौधरी

**पढेर ठिक उत्तर छान्नुहोस् :**

(क) यो पाठ कुन विधासँग सम्बन्धित छ ?
  (अ) चिठी  (आ) निवेदन  (इ) कथा  (ई) कविता

(ख) यो निवेदन कसलाई लेखिएको हो ?
  (अ) अध्यक्ष  (आ) नगर प्रमुख  (इ) वडा सदस्य  (ई) वडा अध्यक्ष

(ग) निवेदनको दायाँपट्टि सिरान भागमा के लेखिएको छ ?
  (अ) मिति  (आ) विषय  (इ) सम्बोधन  (ई) निवेदन

(घ) निवेदनमा के भनेर सम्बोधन गरिएको छ ?

(अ) श्री (आ) आदरणीय (इ) प्रिय (ई) श्रीमान्

**तलको भनाइ पढ्नुहोस् र त्यसका मुख्य मुख्य कुरा बुझेर लेख्नुहोस् :**

निवेदन

व्यक्तिले कुनै कार्यालयलाई लेख्ने पत्र नै निवेदन हो। निवेदनमा कुनै काम गरिदिन संस्थालाई अनुरोध गरिन्छ। निवेदन लेख्ने व्यक्ति निवेदक हो। उसले निवेदन लेख्दा पानाका दायाँपट्टि सिरान भागमा मिति लेख्नुपर्छ। त्यसपछि कार्यालयको प्रमुख व्यक्तिलाई सम्बोधन गर्नुपर्छ। त्यसको तलतिर उक्त कार्यालयको नाम र ठेगाना लेख्नुपर्छ। निवेदन लेख्नुपर्ने विषय उल्लेख गरेर महोदय वा महाशय लेख्नुपर्छ। निवेदनको विषयलाई स्पष्ट पार्ने गरी आवश्यक कुरा विस्तार गर्नुपर्छ। त्यसपछि निवेदकको नाम, हस्ताक्षर र ठेगाना पानाको दायाँतिर उल्लेख गर्नुपर्छ। काम गरिदिनका लागि गरिने अनुरोध वा आग्रहबाहेक निवेदनमा अन्य कुरा लेख्नुहुँदैन। निवेदनको भाषा सरल हुनुपर्छ।

**भुस्याहा कुकुरको बिगबिगी बढेर टोलमा बसिनसक्नुभएको कुरा उल्लेख गर्दै भुस्याहा कुकुर व्यावस्थापन गरिदिन अनुरोध गरी वडा कार्यालयलाई निवेदन लेख्नुहोस्।**

**दिइएको चित्रलाई आधार मानी दश वाक्यमा वर्णन गर्नुहोस् :**



(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

(ङ) ..........................................................................................

(च) ..........................................................................................

(छ) ..........................................................................................

(ज) ..........................................................................................

(झ) ..........................................................................................

(ञ) ..........................................................................................

**आफू पहिले नपुगेका ठाउँमा साथीहरूसँग घुम्न जाँदा तपाईं छुटेर एक्लै हुनुभयो भने के गर्नुहुन्छ, कल्पना गरी लेख्नुहोस् ।**

**तलको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कन गरिएका विभक्तिमा ध्यान दिनुहोस् । त्यसपछि ती विभक्ति लगाएर एक एक वाक्य बनाउनुहोस् :**

डाक्टरले हामी सबैको नाम सोध्नुभयो। सबैभन्दा पहिले मलाई सोध्नुभयो। मैले कलमले नाम लेखेर देखाएँ। डाक्टरले मेरो कलम नन्दलाई दिनुभयो। नन्दले डाक्टरको हातबाट कलम लिनुभयो। नन्दले डाक्टरको कापीमा आफ्नो नाम लेख्नुभयो। मेरो कलम टेबुलमा राखेर नन्द बस्यो।

ले : ..........................................................................................

लाई :..........................................................................................

बाट : ..........................................................................................

को :..........................................................................................

मा :..........................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईं आफ्नो जन्मदिन कसरी मनाउनुहुन्छ ? वर्णन गर्नुहोस् ।**

**आफूले घुमेको कुनै ठाउँको सम्झना गर्दै एउटा अनुच्छेद लेख्नुहोस् ।**

**गत वर्ष तपाईंले नयाँ वर्ष कसरी मनाउनुभयो ? सम्झेर दिनभरि गरेका काम लेख्नुहोस् ।**

**दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

घरमा सानो नानी थियो । उसलाई धेरै कुरा थाहा थिएन । बेलुकीको समय थियो । घरमा अँध्यारो थियो । नानीकी आमाले टुकी बाल्नुभयो । नानी बलेको टुकी हेरिरहेको थियो । नानीकी आमा काममा लाग्नुभयो । नानीलाई बलेको टुकी ज्यादै मन पऱ्यो । ऊ बलेको टुकी छेउमा पुग्यो । उसले बलेको टुकीको ज्वालालाई हातले छोयो । उसको हात पोल्यो । ऊ चिच्याएर रोयो र पछाडि सऱ्यो ।

(क) आगाले पोल्ने रहेछ भन्ने कुरा नानीले आफैं थाहा पाए जस्तै अरूले नसिकाई तपाईंले आफैं थाहा पाएको कुनै कुराका बारेमा यसरी नै लेख्नुहोस् र साथी समूहमा सुनाउनुहोस् ।

**आफ्नो वा साथीको नाम राखेर तलको फाराम भर्नुहोस् :**

(क) नाम : .......................................................................

(ख) जन्ममिति : .......................................................................

(ग) स्थायी ठेगाना : .......................................................................

(घ) शिक्षा : .......................................................................

(ङ) पेसा : .......................................................................

(च) मासिक आम्दानी : .......................................................................

(छ) आफ्नो आम्दानी खर्च हुने क्षेत्र : .......................................................................

**तपाईं सहभागी भएको  शैक्षिक भ्रमण वा कुनै भ्रमणमा तपाईंले के के सिक्नुभयो ? तलको ढाँचामा टिपोट तयार पार्नुहोस् :**

(क) भ्रमणमा जानुको उद्देश्य :

(ख) भ्रमणबाट सिकेका कुरा :

(ग) भ्रमणबाट सिकेर आफूले प्रयोग गर्न सक्ने कुरा  :

**अनिता र सुनिता  सामुदायिक पुस्तकालयमा गई नियमित अध्ययन गर्थे । उनीहरूले एक महि( नामा पाँचओटा पुस्तक पढे र पुस्तकमा भएका मुख्य मुख्य कुरा पनि टिपोट गरे ।  यसैबिचमा गाउँपालिकाको शिक्षा शाखाले पढाइ प्रतियोगिता आयोजना गर्‍यो । यसमा कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थी वा तह २ सम्मका सिकारुले भाग दिन सक्थे । यसमा आफूले पढेको पुस्तकमा के छ र के सिक्नुभयो ? तपाईं यी सिकेका कुरालाई कसरी व्यवहारमा लागु गर्नुहुन्छ भन्ने कुरा प्रस्तुत गर्नुपर्ने थियो । अनिता र सुनिता दुवैले पढाइ प्रतियोगितामा भाग लिए । मिठो भाषण गर्न जान्ने अनिता यस प्रतियोगितामा प्रथम भइन् । तपाईंलाई यो प्रतियोगितासम्बन्धमा जानकारी भएपछि के के गर्न मन लाग्यो । टिपोट गर्नुहोस् ।**



## स्वप्रेरित क्रियाकलाप

***http://www.moljpa.gov.np***  **मा गएर जन्मदर्ता, विवाह दर्ता, बसाइँसराइ र मृत्युदर्ताका नमुना तथा यस्ता कागजात बनाउन पूरा गर्नुपर्ने नियम हेर्नुहोस् । साथै त्यहाँ दिएका फाराम भर्ने अभ्यास पनि गर्नुहोस् ।**

## स्वमूल्याङ्कन

**यो सामग्री पढेर मैले निम्नलिखित कुरा सिकेँ :**

(क) ................................................

(ख) ................................................

(ग) ................................................

(घ) ................................................

(ङ) ................................................

**साथीलाई सुनाउनुहोस् :**

(क) निवेदन लेख्दा के के कुरामा ध्यान दिनुपर्छ ?

(ख) तपाईंले पैसा माग्दा आमाले दिनुभएन । त्यसपछि तपाईंले कर गर्दा आमा रिसाउनुभयो । तपाईंलाई पैसा आवश्यक थियो । आमा रिसाएको कुरासमेत उल्लेख गर्दै साथीसँग पैसा माग्नुपरे तपाईं कसरी माग्नुहुन्छ ?

**तलका खाली ठाउँमा के के शब्द राख्न सकिन्छ ?**

(क) तलब खाएर काम गर्ने व्यक्तिलाई ................. भनिन्छ ।

(ख) जङ्गली जनावरलाई ................... भनिन्छ ।

(ग) लुगा, गहना आदिलाई ................... भनिन्छ ।

(घ) अनुच्छेद भनेको .................... को समूह हो ।

(ङ) माटो, पानी, हावा, प्रकाश, आकाश आदिको समष्टि ................. हो ।

**तपाईंको साथी वा कसैको जन्मदर्ता वा विवाह दर्ता मागेर आफ्नो कापीमा त्यस्तै नमुना तयार पार्नुहोस् ।**

**हो वा होइन, छुट्याउनुहोस् :**

| भनाइ | हो | होइन |
|---|---|---|
| मानिसले आकाशमा कपासको खेती गर्छ । | | |
| डाक्टर आफैँ बोटे गाउँ भ्रमण गर्न आए । | | |
| चञ्चला बैङ्कमा व्यवस्थापक हुनुहुन्छ । | | |
| गधाको आवाजले कुकुर ब्युँझ्यो । | | |
| सफलता र आत्मविश्वासका बिचमा नदी र किनारको जस्तै सम्बन्ध रहेको हुन्छ । | | |
| अन्नका बोट, साग, घाँस आदि हरियो र भरिलो हुने अवस्थालाई हराभरा भनिन्छ । | | |
| जन्मदर्ता लिन वडाको किटानी सिफारिस चाहिन्छ । | | |
| काम गरिदिनका लागि गरिने अनुरोध वा आग्रहबाहेक निवेदनमा अन्य कुरा लेख्नुहुँदैन । | | |
| नानी बलेको पानस छेउमा पुग्यो । | | |

# मूल्याङ्कन योजना

| सक्षमता | सिकाइ उपलब्धि | मूल्याङ्कन सूचक | स्तर |
|---|---|---|---|
| विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तुको बोध तथा उपयुक्त तवरले सञ्चार | मौखिक, साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचनामा केन्द्रित भई आफ्ना प्रतिक्रियासहित कार्य गर्न | » मौखिक साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचना बुझ्न सकेमा<br>» मौखिक साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचना साथीलाई वा अन्य व्यक्तिलाई बताउन सकेमा<br>» मौखिक साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचनाका बारेमा प्रतिक्रिया दिन सकेमा<br>» मौखिक साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचनाबमोजिम कार्य गर्न सकेमा | १<br>२<br>३<br>४ |
| | हाउभाउ, शब्दरहित इसारा वा ध्वनि शारीरिक अङ्गको चलाइ आदिको सङ्केतमा टिप्पणीसहित प्रतिक्रिया दिन | » हाउभाउ शब्दरहित इसारा वा ध्वनि अनुसार शारीरिक अङ्ग चलाउन सकेमा<br>» हाउभाउ शब्दरहित इसारा वा ध्वनि र सङ्केतका आधारमा प्राप्त सूचना अरुलाई बताउन सकेमा<br>» हाउभाउ शब्दरहित इसारा वा ध्वनि र सङ्केतमा आधारित भई टिप्पणी गर्न सकेमा<br>» हाउभाउ शब्दरहित इसारा वा ध्वनि र सङ्केतका आधारमा सूचना प्रवाह गर्न सकेमा | १<br>२<br>३<br>४ |
| | आफ्ना विचार शुद्ध एवम् स्वाभाविक गतिमा शिष्टाचारपूर्वक बताउन | » आफ्ना विचार शुद्ध एवम् शिष्टरूपमा बताउन सकेमा<br>» आफ्ना विचार शुद्ध एवम् स्वाभाविक गतिमा आफ्ना साथीलाई बताउन सकेमा<br>» आफ्ना विचार शुद्ध एवम् स्वभाविक गतिमा समूहमा बताउन सकेमा<br>» आफ्ना विचार, अनुभव तथा समस्याका सम्बन्धमा सामूहिक अन्तर्क्रियामा सरिक हुन सकेमा | १<br>२<br>३<br>४ |
| | आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन, जन्म मृत्यु दर्ता जस्ता आवेदन फाराम भर्न | » सरल भाषामा लेखिएका सामग्री शुद्धसँग पढ्न सकेमा<br>» सरल भाषामा लेखिएका सामग्री शुद्ध र उपयुक्त गतिमा पढ्न सकेमा<br>» सरल भाषामा लेखिएका सामग्री शुद्ध र उपयुक्त गतिमा पढी मुख्य सिकाइ बोध गर्न सकेमा<br>» सरल भाषामा लेखिएका सामग्री शुद्धसँग पढी मुख्य सिकाइ अरुलाई बताउन सकेमा | १<br>२<br>३<br>४ |
| | आफ्ना विचार शुद्धसँग अनुच्छेददमा लेखी व्यक्त गर्न र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन, जन्म मृत्यु दर्ता जस्ता आवेदन फाराम भर्न | » आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेख्न सकेमा<br>» आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न सकेमा<br>» दैनिक र व्यावहारिक जीवनमा प्रयोग हुने साधारण कागजातका बारेमा जानकारी लिन र दिन सकेमा<br>» दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने निवेदन, जन्म मृत्यु दर्ता भर्नसकेमा | १<br>२<br>३<br>४ |

तह

२

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन, जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री